


# राष्ट्रिय वाणिज्य बैंक लिमिटेड समाचार

देशको आर्थिक सामाजिक विकासमा ५६ वर्षदेखि समर्पित – राष्ट्रिय वाणिज्य बैंक लि.

वर्ष २९ अंक २ | कात्तिक – पुस २०७८ | Year 29 Vol 2 | Nov. 2021 - Jan. 2022

## राष्ट्रिय वाणिज्य बैंकको १६औं वार्षिक साधारण सभा सम्पन्न
## ३३ प्रतिशत लाभांश पारित




**काठमाडौं, २९ पुस**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको १६ औं वार्षिक साधारणसभा सम्पन्न भएको छ। साधारणसभाले ३३ प्रतिशत लाभांश(नगद ३% र बोनस शेयर ३०%) सहितको आ.व. २०७७/०७८ को वार्षिक प्रतिवेदन र विभिन्न प्रस्तावहरु पारित गरेको छ। साधरणसभाले चुक्ता पुँजीको ३ प्रतिशतका दरले हुन आउने २७ करोड ५५ लाख रुपैया नगद र ३० प्रतिशतले हुन आउने दुई अर्ब २७ करोड रुपैंया बराबरको बोनस शेयर शेयरधनीहरुलाई प्रदान गर्ने निर्णय पारित गरेको छ। यसपछी बैंकको कुल चुक्ता पुँजी १३ अर्ब ९४ करोड रुपैया हुने छ। साथै, साधारणसभाले बैंकको अधिकृत पुँजी ३० अर्ब रुपैंया कायम गर्ने प्रस्ताव पारित गरेको छ।

बैंक सञ्चालक समितिका अध्यक्ष डा.बलराम पाठकको अध्यक्षतामा सम्पन्न सो वार्षिक साधारणसभामा अध्यक्ष डा.पाठकले कोभिड-१९ पछिको अर्थतन्त्रलाई पुनरुत्थान गर्न नेपाल राष्ट्र बैंक तथा सरकारको नीति नियमलाई प्राथमिकताका साथ पालना गरिने बताउनुभयो। उहाँले बदलिदो परिवेश र ग्राहकको चाहनाअनुरूप यस बैंकले आफ्ना सेवा-सुविधाहरूमा समयसापेक्ष परिमार्जन गर्दै प्रविधिमा आधारित विभिन्न सेवाहरूका माध्यमबाट ग्राहकहरू समक्ष आफ्ना गुणास्तरीय सेवाहरू प्रवाह गर्नुपर्ने आवश्यकतालाई प्राथमिकतामा राखेर बैंकको सञ्चालक समितिले नीतिगत निर्णयहरू लिइरहेको र आगामी दिनमा समेत यसतर्फ निरन्तर कटिबद्ध रहिरहने बताउनुभयो।

थप समाचार पृष्ट ३ ▸▸

## राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको
## ५७ औं वार्षिकोत्सव मनाइदैं

**काठमाडौं, ३० पुस**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको ५७ औं वार्षिकोत्सव समारोह सफलतापूर्वक मनाउन बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठको संयोजकत्वमा ३५ सदस्यीय मुलसमारोह समिति गठन गरिएको छ। वार्षिकोत्सवलाई सम्पन्न गर्नको लागि विभिन्न कार्य सम्पादन उपसमितिहरु समेत गठन गरिएको छ। नायब प्रमुख कार्यकारी अधिकृत कबिराज अधिकारीको संयोजकत्वमा अतिथि सत्कार, व्यवसाय प्रर्वद्धन तथा कार्यक्रम समन्वयन उपसमिति गठन गरिएको छ। त्यस्तै नायव प्रमुख कार्यकारी अधिकृत देबेन्द्ररमण खनालको संयोजकत्वमा प्रकाशन तथा प्रचार प्रसार उपसमिति गठन गरिएको छ। उपकार्यकारी अधिकृत सरस्वती अधिकारीको संयोजकत्वमा रक्तदान कार्यक्रम, प्रभातफेरी र क्लिन आरविवि कार्यक्रम उपसमिति गठन गरिएको छ। त्यस्तै उपकार्यकारी अधिकृत देवेशप्रसाद लोहनीको संयोजकत्वमा मञ्च व्यवस्थापन उपसमिति गठन गरिएको छ भने उपकार्यकारी अधिकृत विमल डंगोलको संयोजकत्वमा खेलकुद उपसमिति गठन गरिएको छ। विश्वभरी महामारीको रुपमा फैलिएको कोभिड-१९ को कारण गतवर्षको वार्षिकोत्सव मुल समारोह कार्यक्रम प्रविधिको प्रयोग गरी भर्चुअल विधिबाट आयोजना गरिएको थियो।

थप समाचार पृष्ट ६ ▸▸



# राष्ट्रिय वाणिज्य बैंकको Business Meet-2078 कार्यक्रम सम्पन्न



**काठमाडौं, ४ मंसिर**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको व्यवसायिक रणनीति तय गर्न ठूलो व्यवसायिक पोर्टफोलियो भएका शाखा कार्यालयहरुलाई लक्षित गरी शाखा कार्यालयका शाखा प्रवन्धकहरु सम्मिलित Business Meet-2078 सम्पन्न भएको छ। मंसिर ४ गते चितवनको सौराहमा भएको कार्यक्रममा एक अर्ब ५० करोड रुपैया निक्षेप वा कर्जा लगानी भएका शाखाका ५६ जना शाखा प्रबन्धकहरुको उपस्थिति रहेको थियो। सो कार्यक्रममा निक्षेप बृद्धि, रेमिट्रयान्स्, प्रतिस्पर्धी बैंकिङ्ग बजारमा बैंकको गुणस्तरीय व्यवसाय बृद्धि, कम्प्लायन्स, साइबर सेक्युरिटी विषयमा व्यापक रुपमा छलफल भइ रणनीति तय गरिएको थियो। कार्यक्रमको बैंक सञ्चालक समितिका अध्यक्ष डा बलराम पाठकले उद्घाटन गर्दै बैंकले लिएको समग्र रणनीतिको कार्यन्वयनका लागि योजनाबद्ध रुपमा लाग्न शाखा प्रवन्धकहरुलाई निर्देशन दिनुभयो। प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले सहज र असहज दुबै अवस्थामा सन्तुलित ढङ्गले कार्य गर्न सकेमा बैंकले लिएका उद्देश्य सहजै प्राप्त हुने बताउनुभयो। उक्त समारोहमा राष्ट्रिय वाणिज्य बैंकका नायब प्रमुख कार्यकारी अधिकृत कविराज अधिकारी, उपकार्यकारी अधिकृतहरु सरस्वती अधिकारी, देवेशप्रसाद लोहनी, देवेन्द्ररमण खनाल, विभागीय प्रमुखहरु, सबै प्रादेशिक प्रबन्धकहरु लगायतको उपस्थिति रहेको थियो।

साथै, उक्त समारोहमा २०७७ माघ १० गते घोषणा गरिएका ३५ जना उत्कृष्ट कर्मचारीहरु तथा २१ वटा उत्कृष्ट शाखा कार्यालयहरुलाई नगद पुरस्कार तथा प्रमाणपत्र प्रदान गरिएको थियो।

# राष्ट्रिय वाणिज्य बैंक सञ्चालक समिति अध्यक्षमा डा. बलराम पाठक



**काठमाडौं, १६ कात्तिक**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड सञ्चालक समितिका नवनियुक्त अध्यक्ष डा.बलराम पाठकले नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारी समक्ष बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १२७ को उपदफा १ वमोजिम पद तथा गोपनीयताको शपथ लिनु भएको छ। यसअघि बैंक सञ्चालक समितिको बसेको बैठकले डा.बलराम पाठकलाई अध्यक्षमा सर्वसम्मत चयन गरेको हो। डा. पाठकले अर्थशास्त्र विषयमा विद्यावारिधी गर्नुभएको छ। साथै, उहाँलाई राष्ट्रिय बिमा कम्पनी लिमिटेडको सञ्चालकको रुपमा कार्य गरेको अनुभव रहेको छ। डा. पाठक हाल त्रिभुवन विश्वविद्यालय अर्न्तगतको क्याम्पसमा अर्थशास्त्र विषयको प्राध्यापन पेशामा आवद्ध हुनुहुन्छ।

शपथ ग्रहण कार्यक्रममा नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नरद्धय निलम तिम्सिना ढुङ्गाना तथा बमबहादुर मिश्र, लयायत उच्च पदाधिकारीहरु र राष्ट्रिय वाणिज्य बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठ, नायब प्रमुख कार्यकारी अधिकृत कविराज अधिकारी, कम्पनी सचिव भोलानाथ पौडेलको उपस्थिति रहेको थियो।

# राष्ट्रिय वाणिज्य बैंक लि. र सैनिक कल्याणकारी कोष बीच सम्झौता

**काठमाडौं, २२ कात्तिक**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड र सैनिक कल्याणकारी कोष बीच नेपाली सेनामा कार्यरत सकल दर्जाहरुलाई सहुलियतपूर्ण आवास कर्जा प्रवाह गर्ने सम्बन्धमा सम्झौता भएको छ। नेपाली सेनाका प्रधान सेनापति प्रभुराम शर्माको समुपस्थितिमा भएको सम्झौतापत्रमा बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठ र सैनिक कल्याणकारी महानिर्देशनालयका महानिर्देशक उपरथी आनन्दकुमार अधिकारीले हस्ताक्षर गर्नुभएको छ।



उक्त सम्झौता भएपश्चात सैनिक सेवामा न्यूनतम १० वर्ष सेवाअवधि पूरा गरेका सकल दर्जाहरुलाई कोषको सिफारिसमा अधिकतम २५ लाख रुपैंया सम्म बैंकको उपभोक्ता कर्जा निर्देशिका, २०७७ को अधिनमा रही बैंकले सहुलियतपूर्ण आवास कर्जा प्रवाह गर्ने छ। प्रतिस्पर्धाको आधारमा छनौट भएको राष्ट्रिय वाणिज्य बैंकले आधार दरमा न्यूनतम प्रिमियम लिई सो मा कोषले समेत अनुदान प्रदान गरी वार्षिक ३।३२ प्रतिशतमा घर खरिद वा घर निर्माण गर्न अधिकतम १५ वर्षसम्म (थप एक वर्ष निर्माण अवधि प्रदान गर्ने गरी) को लागि सकल दर्जाहरुलाई कर्जा प्रवाह गरिने छ। सम्झौता बमोजिम कोषले बैंकलाई निक्षेप समेत उपलब्ध गराउने छ। यस सम्झौता पश्चात नेपाली सेनाका बहालवाला सकलदर्जाहरुको आफ्नै आवासको व्यवस्था भइ सम्मानपूर्वक जीवनयापन गर्नमा विशेष योगदान पुग्ने हुने विश्वास गरिएको छ।

कार्यक्रममा बैंकका नायब प्रमुख कार्यकारी अधिकृत कविराज अधिकारी, कोषका निर्देशक सहायक रथी सागर के.सी, बरिष्ठ चार्टड एकाउन्टेण्ट जीवन प्रसाद पौडेल, राष्ट्रिय बिमा संस्थानका कोष प्रशासक कविप्रसाद पाठक लगायत नेपाली सेनाका बरिष्ठ अधिकारीहरुको उपस्थिति रहेको थियो।

# उर्जा बचत कार्य गरे वापत रा.वा.बैंकद्वारा १३ कम्पनीलाई अनुदान रकम हस्तान्तरण

**काठमाडौं, ७ कात्तिक**

राष्ट्रिय वाणिज्य बैंकद्वारा जर्मन सरकारबाट KFW बैंक मार्फत प्राप्त अनुदान सहयोगमा संचालित 'Energy Efficiency Program Nepal' को अनुदान सहयोग कार्यक्रम अर्न्तगत छ करोड ५० लाख रुपैंया रकम हस्तान्तरण गरेको छ । बैंकले एशियन थाई फुड्स, जस्मिन हाइजिन प्रोडक्ट्स, ताजा फुड्सलाई एक/एक करोड रुपैंया, नेपाल वायर्स एण्ड केवल लाई ६४ लाख ८४ हजार रुपैंया, पञ्चकन्या स्टील इन्डष्ट्रिजलाई ६३ लाख ९१ हजार रुपैंया, पञ्चकन्या मेटल इन्जिनियरिङ्ग लाई ४४ लाख १९ हजार रुपैंया, एसआर स्टील इन्डष्ट्रिजलाई ४३ लाख २१ हजार रुपैंया, क्युमेड फर्मुलेसनलाई ३१ लाख ६१ हजार रुपैंया, इलाम टी प्रोड्युसरलाई २९ लाख ६९ हजार रुपैंया, ओहम फर्मास्युट्रीकल्स ल्याब्रोट्रिजलाई २४ लाख ९४ हजार रुपैंया, पञ्चकन्या प्लास्टिक इन्डष्ट्रिजलाई २२ लाख ५८ हजार रुपैंया, हिमालयन नेचुरललाई १७ लाख ४० हजार रुपैंया र विजयदिप ल्याब्रोट्रिजलाई ८ लाख ४५ हजार



रुपैंया रकम हस्तान्तरण गरेको छ । मितव्ययी तथा प्रभावकारी उर्जा बचत हुने गरी कम्पनीहरुले यन्त्र उपकरण जडान गरेको हुंदा स्विकृत अनुदान कार्यविधि अनुसार अनुदान सहयोग सम्झौता आदान प्रदान तथा अनुदान रकमको चेक एक समारोहका बिच हस्तान्तरण गरिएको हो ।

बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठलेले चेक रकम हस्तान्तरण गर्दै यो अनुदान रकमले व्यवसायको अन्य पक्षको पनि सुधार हुने बताउदै हालसम्म ३० वटा भन्दा बढी उद्योगहरुलाई १६ करोड ३५ लाख रुपैंया भन्दा बढी अनुदान रकम हस्तान्तरण गरि सकेको बताउनुभयो । नेपाल सरकार र जर्मन सरकारबीच सन् २०१३ मा नेपालको औद्योगिक तथा व्यापारिक क्षेत्रमा मितव्ययी तथा प्रभावकारी उर्जा बचत गर्ने सम्झौता बमोजिम राष्ट्रिय वाणिज्य बैंकले 'Energy Efficiency Program Nepal' आयोजना कार्यन्वयनको लागि Project Executing Agency (PEA) को रुपमा सहायता सम्बन्धी कार्य गर्ने गरेको छ ।

यस आयोजना अन्तर्गत नेपालमा संचालित ठूला, साना तथा मझौला उद्योग र फर्महरुलाई मितव्ययी तथा प्रभावकारी उर्जा बचत हुने गरी यन्त्र उपकरण जडान गर्दा जर्मन सहायताबाट प्राप्त हुने रकमबाट लागतको १५ देखि ३९ प्रतिशत सम्म अनुदान रकम राष्ट्रिय वाणिज्य बैंक मार्फत उपलब्ध गराइने छ । यस आयोजना अन्तर्गत कुनै एक इकाइले मितव्ययी तथा प्रभावकारी उर्जा बचत हुने गरी यन्त्र उपकरणमा लगानी गरेमा स्विकृत अनुदान कार्यविधि भित्र रही अधिकतम रु. १ करोड सम्मको अनुदान रकमको सीमा कायम गरिएको छ ।

उक्त समारोहमा NEEP कार्यक्रमका व्यवसायजन्य स्वास्थ्य तथा सुरक्षा विज्ञ डा. दुर्गा कारणजीत, बैंकका नायब पमुख कार्यकारी अधिकृत कविराज अधिकारी, उपकार्यकारी अधिकृतहरु सरस्वती अधिकारी, देवेशप्रसाद लोहनी, देवेन्द्ररमण खनाल, विभागीय प्रमुखहरु पवन रेग्मी, विमल डङ्गोल, विनयरमण पौडेल, उपप्रबन्धक होमराज भट्टराई, एडेल्फीका कन्सल्टेण्ट ज्ञानेन्द्र उपाध्याय, अनुदान रकम प्राप्त गर्ने कम्पनीका अधिकारीहरु लगायत कर्मचारीहरुको उपस्थिति रहेको थियो ।

## खजाञ्ची सम्बन्धी तालिम सम्पन्न

**काठमाडौं, १२ पुस**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड तालिम तथा विकास विभागको आयोजना र प्रादेशिक कार्यालयहरुको समन्वयनमा १२६ वटा शाखा कार्यालयका खजाञ्चीहरुलाई सुन, नोट र दस्तखत तथा कागजात पहिचान सम्बन्धी विषयमा तालिम प्रदान गरिएको छ । गत कात्तिक २७ र २८ गते नगरकोट, मंसिर १० र ११ गते बर्दिबास, मंसिर १८ र १९ गते पोखरा, पुस ११ र १२ गते नेपालगंजमा दिइएको तालिममा सुन पहिचान, सुन कर्जा लगानी गर्दा अपनाउने प्रक्रिया, नगद व्यवस्थापन, सुरक्षा, भल्ट, दस्तखत तथा माहत्वपूर्ण कागजातहरु पहिचान गर्ने विधिहरुका बारेमा व्यवहारिक प्रशिक्षण दिइएको थियो । विभागीय प्रमुख ब्रजमोहन अधिकारी, प्रादेशिक प्रबन्धकहरु विश्वप्रकाश ज्ञवाली, प्रमोद अधिकारी, दिनेश गौतम, प्रबन्धक बालकुमार थापा, सुजित स्थापित, पियुषमान शाक्य, धर्मरत्न शाक्य, कमला तिमिल्सिनाले विभिन्न विषयमा विषयगत प्रशिक्षण दिनुभएको थियो ।

## बढुवा

**काठमाडौं, १८ पुस**

राष्ट्रिय वाणिज्य बैंक सञ्चालक समितिको मिति २०७८।९।१८ मा बसेको २५२१औं बैठकको निर्णयानुसार उपकार्यकारी अधिकृत देवेन्द्ररमण खनाललाई नायब प्रमुख कार्यकारी अधिकृतमा बढुवा गरिएको छ । यसैगरी सोही बैठकले उपकार्यकारी अधिकृतमा मुख्य प्रबन्धक(लेखा) बिमल डंगोल, मुख्य प्रबन्धक पवन रेग्मी र मुख्य प्रबन्धक(लेखा) विनयरमण पौडेलाई बढुवा गरेको सूचना प्रकाशित गरेको छ ।

## ३३ प्रतिशत...

कोभिड-१९ को जोखिमका कारण स्वास्थ्य सुरक्षा सम्बन्धी मापदण्डको पालना गर्दै भौतिक तथा भर्चुअल (ZOOM) माध्यमबाट शेयरधनीहरुको साधारण सभामा उपस्थिति रहेको थियो ।

साधारण सभामा बैंकका शेयरधनीहरु क्रमशः नेपाल सरकार अर्थ मन्त्रालय, महालेखा नियन्त्रक कार्यालय, पर्यटन तथा नागरिक उड्यान मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय, उर्जा जलश्रोत तथा सिंचाई मन्त्रालयका प्रतिनिधि तथा सार्वसाधारण शेयरधनिहरुको प्रत्यक्ष तथा भर्चुअल माध्यमबाट उपस्थिति रहेको थियो । अध्यक्ष डा. पाठकले प्रस्तुत गर्नुभएको प्रतिवेदन माथि शेयरधनीहरु डमरु वल्लभ घिमिरे, रामगोपाल श्रैष्ठ र अमृतनाथ रेग्मीले टिप्पणी गर्नुका साथै बैंक सुधारको निमित्त विभिन्न सुझाव सहितको धारण राख्नुभएको थियो । सो टिप्पणी एवं जिज्ञासाबारे बैंक सञ्चालक समितिका अध्यक्ष डा.बलराम पाठकले जवाफ दिनुभएको थियो ।

सो साधारण सभामा बैंक सञ्चालक समितिका सदस्यहरु केदारनाथ शर्मा, जनककुमार बराल, प्रा.डा. राजनबहादुर पौडेल, प्रा.डा. माधबप्रसाद दाहाल, रोमिला ढकाल उप्रेती तथा बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठ, नायब प्रमुख कार्यकारी अधिकृत देवेन्द्ररमण खनाल, उपकार्यकारी अधिकृतहरु सरस्वती अधिकारी, देवेशप्रसाद लोहनी, विमल डंगोल, पवन रेग्मी र विनयरमण पौडेल को उपस्थिति रहेको थियो । साधारण सभामा महालेखापरीक्षकको कार्यालय र कम्पनी रजिष्ट्रारको कार्यालयका प्रतिनिधि, बैंकका कानूनी सल्लाहकारहरु, बैंकभित्र क्रियाशिल ट्रेड युनियनका अध्यक्षहरु लगायतका अतिथिहरुको उपस्थिति रहेको थियो । साधारणसभालाई कम्पनी सचिव भोलानाथ पौडेलले सहजकिरण गर्नु भएको थियो ।

# राष्ट्रिय वाणिज्य बैंक लि. र नेपाल आयल निगम बीच सम्झौता



**काठमाडौं, २८ कात्तिक**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड र नेपाल आयल निगम बीच तलबी बचत खाता सञ्चालन तथा बिना धितो पेशाकर्मी सरल कर्जा प्रवाह गर्ने सम्बन्धमा आईतबार सम्झौता भएको छ । सम्झौतापत्रमा बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठ र निगमका नि.कार्यकारी निर्देशक नागेन्द्र साहले हस्ताक्षर गर्नुभएको छ ।

उक्त सम्झौता भएपश्चात निगममा न्यूनतम दुई वर्ष सेवाअवधि पुरा गरेका कर्मचारीहरुलाई निगमको सिफारिसमा अधिकतम १५ लाख रुपैया सम्म बैंकको उपभोक्ता कर्जा निर्देशिका, २०७७ को अधिनमा रही बैंकले बिना धितो पेशाकर्मी सरल कर्जा प्रवाह गर्ने छ । बैंकले आधार दरमा दुई प्रतिशत प्रिमियम जोडी ब्याजदर कायम गरी कर्जा लगानी गर्ने छ । हाल बैंकको आधार दर ५।४१ प्रतिशत रहेको छ । सम्झौता अनुसार निगमका कर्मचारीहरुको तलबी खाता बैंकले संचालन गर्नेछ । यस सम्झौता पश्चात दुवै पक्ष लाभान्वित हुने विश्वास गरिएको छ ।

कार्यक्रममा बैंकका नायब प्रमुख कार्यकारी अधिकृत कविराज अधिकारी, मुख्य शाखा कार्यालयकी शाखा प्रबन्धक दुर्गाकुमारी छत्कुल्ली कँडेल, विभागीय प्रमुख सरोज वस्नेत, सहायक शाखा प्रबन्धक हेमराज खरेल, निगमका नि.निर्देशक सुषमा कुमारी कर्ण लगायत कर्मचारीहरुको उपस्थिति रहेको थियो ।

# भक्तपुरको कमलविनायकमा बैंकको शाखा समुद्घाटन



**काठमाडौं, १४ मंसीर**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडले भक्तपुर जिल्लाको कमलविनायक स्थित शाखा कार्यालय कमलविनायक विस्तार गरी कारोबार शुभारम्भ गरेको छ । भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले विधिवत रुपमा उक्त शाखाको समुद्घाटन गर्नुभएको हो ।

उक्त अवसरमा नगर प्रमुख सुनिल प्रजापतिले नगरपालिका लगायत सरकारी कार्यालयहरुको सरकारी कारोबार राष्ट्रिय वाणिज्य बैंक मार्फत गर्ने सोच रहेको बताउनुभयो । उहाँले भक्तपुर जिल्ला धार्मिक, पर्यटकीय र कृषि क्षेत्रमा आधारित भएकाले सोही अनुसारको व्यवसाय विस्तार गर्नुपर्ने बताउनुभयो । बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले आम नागरिकलाई आधुनिक बैंकिङ्ग सेवा प्रवाह गर्दै जाने बताउनुभयो । उहाँले बैंकले भक्तपुरमा उद्योग वाणिज्य संघ लगायत संघसंस्था तथा व्यवसायीहरुसंग सहकार्य गर्दै अगाडि बढ्ने बताउनुभयो ।

बैंककी बाग्मती प्रादेशिक प्रबन्धक सोनी श्रेष्ठको सभापतित्वमा सम्पन्न भएको कार्यक्रममा बैंकका नायब प्रमुख कार्यकारी अधिकृत कविराज अधिकारीले स्वागत मन्तब्य व्यक्त गर्नुभएको थियो । कार्यक्रममा भक्तपुर वडा नम्बर ९ का वडा अध्यक्ष रविन्द्र ज्याख्या, उपकार्यकारी अधिकृत देवेशप्रसाद लोहनी, विभागीय प्रमुख सरोज वस्नेत, सहायक प्रबन्धक लूजः श्रेष्ठ, शाखा प्रबन्धक एलिसा कायस्थ, स्थानीय राजनीतिक दलका प्रतिनिधिहरु, उद्योगी व्यवसायीहरु, कर्मचारीहरु, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बलका प्रमुखहरु लगायत अन्य स्थानीय संघसस्थाका प्रतिनिधिहरुको उपस्थिति रहेको थियो । कार्यक्रम संचालन उपप्रबन्धक जितेन्द्रसिंह थापाले गर्नुभएको थियो ।

# आरविवि मर्चेन्ट बैंकिङ्ग लि.को छैठौं वार्षिक साधारण सभा सम्पन्न



**काठमाडौं, ३० कात्तिक**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको पूर्ण स्वामित्वमा संचालित सहायक कम्पनी आरविवि मर्चेन्ट बैंकिङ्ग लिमिटेडको छैठौं वार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष एवं राष्ट्रिय वाणिज्य बैंक लिमिटेडका नायब प्रमुख कार्यकारी कविराज अधिकारीको अध्यक्षतामा सम्पन्न भएको छ । साधारण सभाले आ.व. २०७७/०७८ मा १० प्रतिशत नगद लाभांश सहित वार्षिक प्रतिवेदन प्रस्ताव पारित गरेको छ ।

साधारण सभामा प्रमुख अतिथि एवं बैंकका प्रमुख कार्यकारी अधिकृत किरण कुमार श्रेष्ठले हाल शहरी क्षेत्रमा मात्र सिमित रहेको मर्चेन्ट बैकिङ्ग सेवालाई ग्रामिण क्षेत्रमा समेत विस्तार गर्ने दीर्घकालिन सोच अनुरुप आफ्नो कार्यक्षेत्र विस्तार गर्दै लैजाने र दूदराजमा रहेका जनताले पनि मर्चेन्ट बैकिङ्ग सेवा लिन सकिने वातावरण बनाउने बताउनु भएको छ । मर्चेन्ट बैंकिङ्गका प्रमुख कार्यकारी अधिकृत बद्रीप्रसाद प्याकुरेलले हाल २० करोड चुक्तापूँजी रहेको मर्चेन्ट बैंकिङ्गले इस्यु मेनेजमेन्ट, आरटिएस, पोर्टफोलियो मेनेजमेन्ट, अन्डरराइटिङ्ग, डिपोजेटरी पार्टिसिपेन्ट लगायतको सेवा दिई रहेको बताउनुभयो ।

साधारण सभामा आरविवि मर्चेन्ट बैंकिङ्ग लिमिटेडका सञ्चालकहरु सरस्वती अधिकारी, देवेन्द्ररमण खनाल, पवन रेग्मी, केशब प्रसाद लम्साल, राजेन्द्रप्रसाद दाहाल, बैंकका उपकार्यकारी अधिकृतहरु देवेशप्रसाद लोहनी, शेयरधनिका तर्फबाट प्रतिनिधि एवं बैंकका विभागीय प्रमुख विनयरमण पौडेल, बैंकका कम्पनी सचिव भोलानाथ पौडेल, कम्पनी रजिष्ट्रार कार्यालयकी सहायक रजिष्ट्रार कल्पना कुमारी बर्तौला, बाह्य लेखापरीक्षक सिए सुजन सुवेदी, आन्तरीक लेखापरीक्षक सिए एकराज सिग्देल लगायत मर्चेन्ट बैंकिङ्गका कर्मचारीहरुको उपस्थिति रहेको थियो । साधारण सभालाई कम्पनी सचिव खगेन्द्र उप्रेतीले सहजीकरण गर्नुभएको थियो ।

**सुझाव तथा प्रतिक्रियाको लागि:** यस समाचारलाई उपयोगी हुने बैंकका गतिविधि, लेख, रचना, प्रतिक्रिया, सुझाव लगायतका सामग्री निम्न ठेगानामा प्रेषित गर्नुहुन अनुरोध छ । -सम्पादक
ई-मेलः rbbnl@rbb.com.np, फोनः ०१-४२५२५९५, Ext. २४२३

# कागेश्वरी मनोहराको थलीमा बैंकको शाखा समुद्घाटन




**काठमाडौं, १६ मंसीर**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडले काठमाडौं जिल्लाको कागेश्वरी मनोहरा नगरपालिका वडा न.५ स्थित शाखा कार्यालय थली विस्तार गरी कारोबार शुभारम्भ गरेको छ । कागेश्वरी मनोहरा नगरपालिकका प्रमुख कृष्णहरि थापाले विधिवत रुपमा उक्त शाखाको समुद्घाटन गर्नुभएको हो ।

उक्त अवसरमा नगर प्रमुख कृष्णहरि थापाले कागेश्वरी मनोहरा नगरपालिकामा एक लाख तीन हजार जनसंख्या रहेको र नगर सबै दृष्टिकोणले सम्भावनायुक्त भएको बताउनुभयो । उहाँले सरकारी बैंक राष्ट्रिय वाणिज्य बैंकलाई सबैको सहयोग रहने बताउनुभयो। बैंक सञ्चालक समितिका अध्यक्ष डा. बलराम पाठकले सेवाको आधारमा पनि रा.वा.बैंक एक नम्बरको बैंक हुने बताउनुभयो । बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले बैंकले सबै खाले बैंकिङ्ग सेवा दिदैं आम नागरिकमा वित्तीय पहुँच विस्तार गरिरहेको बताउनुभयो । कार्यक्रममा कागेश्वरी मनोहरा नगरपालिका वडा न.५ का वडा अध्यक्ष राजाराम पुडासैनी, वडा न.४ का वडा अध्यक्ष भाइकाजी अधिकारी, नेपाल निर्माण सामाग्री व्यापार संघ, काठमाडौंका अध्यक्ष अच्युतम कटुवालले शुभकामना मन्तब्य व्यक्त गर्नुभएको थियो । कार्यक्रममा शाखा प्रबन्धक कविराज भण्डारीले स्वागत मन्तब्य व्यक्त गर्नुभएको थियो ।

बैंककी बाग्मती प्रादेशिक प्रबन्धक सोनी श्रेष्ठको सभापितत्वमा सम्पन्न भएको कार्यक्रममा स्थानीय राजनीतिक दलका प्रतिनिधिहरु, उद्योगी व्यवसायीहरु, नेपाल प्रहरी, अन्य स्थानीय संघसस्थाका प्रतिनिधिहरु, बैंकका उपकार्यकारी अधिकृत देवेशप्रसाद लोहनी लगायत कर्मचारीहरुको उपस्थिति रहेको थियो ।

# बैंक र राष्ट्रिय परीक्षा बोर्ड बीच सम्झौता



**काठमाडौं, १३ पुस**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड र राष्ट्रिय परीक्षा बोर्ड बीच पेशाकर्मी सरल कर्जा प्रवाह गर्ने सम्बन्धमा सम्भौता भएको छ । सम्झौतापत्रमा बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठ र बोर्डका सदस्य सचिव दुर्गाप्रसाद अर्यालले हस्ताक्षर गर्नुभएको छ ।

उक्त सम्भौता भएपश्चात दुईवर्ष सेवाअवधि पूरा गरेका बोर्डका कर्मचारीहरुलाई बोर्डको सिफारिसमा अधिकतम १५ लाख रुपैंया सम्म बैंकको उपभोक्ता कर्जा निर्देशिका, २०७७ को अधिनमा रही बैंकले पेशाकर्मी सरल कर्जा प्रवाह गर्ने छ । बैंकले आधार दरमा २ प्रतिशत प्रिमियम जोडी ब्याजदर कायम गरी कर्जा लगानी गर्ने छ । हाल बैंकको आधार दर ५.५१ प्रतिशत रहेको छ । सम्झौता अनुसार बोर्डको कर्मचारीहरुको तलबी खाता बैंकले संचालन गर्नेछ । यस सम्भौता पश्चात दुवै पक्ष लाभान्वित भइ बोर्डका कर्मचारीहरुको सम्मानपूर्वक जीवनयापन गर्नमा विशेष योगदान पुग्ने विश्वास गरिएको छ ।

कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत किरण कुमार श्रेष्ठले विद्यार्थीहरुले बोर्डलाई बुझाउने शुल्कहरुलाई डिजिटल प्रविधिबाट भुक्तानी गर्ने व्यवस्था गर्न दुबै संस्था मिलेर अगाडि बढ्ने बताउनुभयो । बोर्डका सदस्य सचिव दुर्गाप्रसाद अर्यालले दुई संस्थाबीचको लामो सम्बन्धलाई व्यवहारीक र वस्तुपरक बनाउदै लैजाने बताउनुभयो । कार्यक्रममा बैंकका उपकार्यकारी अधिकृत देवेन्द्ररमण खनाल र बोर्डका लेखा नियन्त्रक राजु कार्कीले कार्यक्रमको विषयवस्तु बारे प्रकाश पार्नुभएको थियो ।

कार्यक्रममा बैंकका नायब प्रमुख कार्यकारी अधिकृत कविराज अधिकारी, उपकार्यकारी अधिकृत सरस्वती अधिकारी, विभागीय प्रमुख पवन रेग्मी, राज्य लक्ष्मी खड्गी, शाखा प्रबन्धक सरोज कोइराला, उपप्रबन्धक खिलराज भट्टराई लगायत कर्मचारीहरुको उपस्थिति रहेको थियो ।

# बैंक र इसेवामनी ट्रान्सफर बीच सम्झौता




**काठमाडौं, २२ मंसीर**

राष्ट्रिय वाणिज्य बैंक र इसेवामनी ट्रान्सफर बीच रेमिट्यान्स भुक्तानी गर्ने सम्बन्धमा सम्झौता भएको छ। सम्झौतापत्रमा बैंकका नायब प्रमुख कार्यकारी अधिकृत कविराज अधिकारी र इसेवामनी ट्रान्सफरका प्रमुख कार्यकारी निर्देशक अजेस कोइरालाले हस्ताक्षर गर्नुभएको छ ।

यस सम्झौताअन्तर्गत अब विदेशबाट इसेवामनी ट्रान्सफर मार्फत पठाएको रेमिट्यान्स् राष्ट्रिय वाणिज्य बैंकका सम्पूर्ण शाखाहरु बाट भुक्तानी हुनेछ। अब विदेशमा रहनुभएका नेपालीहरुले सिधै राष्ट्रिय वाणिज्य बैंकको खातामा पैसा पठाउन सक्नु हुनेछ र इसेवामनी ट्रान्सफरको सेवा उपभोग गर्न यस बैंकका खाता ग्राहीहरुले राष्ट्रिय वाणिज्य बैंकको मोबाइल एप आर.बि. बि स्मार्ट डाउनलोड गर्नु पर्ने हुन्छ । यसपछी मुलुकभरी तथा संसारका २०० बढी मुलुकमाव्यापक रुपमा कारोवार विस्तार गरिरहेको रेमिट कम्पनी, इसेवामनी ट्रान्सफर र मुलुककै अग्रणी वाणिज्य बैंक मध्येको एक राष्ट्रिय वाणिज्य बैंकका खाताग्राहीहरुले विदेशबाट पठाएको रेमिट्यान्स् सिधै आफ्नो बैंक खातामाप्राप्त गर्न सक्नेछन् र आर.बि बि स्मार्ट अर्थात बैंकको मोबाइल बैंकिंग एप प्रयोग गरेर इसेवामनी ट्रान्सफर मार्फत नेपालभरी रहेका इसेवाका नेटवर्क माझ जहाँपनि रेमिट्यान्स पठाउन वा पाउन सकिनेछ। यसैगरी राष्ट्रिय वाणिज्य बैंकबाट इसेवामनी ट्रान्सफरमार्फत पठाएको आन्तरिक रेमिट्यान्स नेपालभरी रहेका १०,००० + इसेवामनी ट्रान्सफरका क्यास पिक-अप काउन्टरहरुबाट पनि भुक्तानी गर्न सकिनेछ ।

उक्त कार्यक्रममा बैंकका उपकार्यकारी अधिकृतहरु सरस्वती अधिकारी, देवेन्द्ररमण खनाल, विभागीय प्रमुखहरु पवन रेग्मी, विनयरमण पौडेल, आनन्द सुवेदी, इसेवामनी ट्रान्सफरका महाप्रबन्धक सागर खनाल, कम्प्लायन्स प्रमुख ईन्द्र वस्नेत लगायत कर्मचारीहरुको उपस्थिति रहेको थियो ।

# ५७औं वार्षिकोत्सव मुल समारोह समिति

| क्र.स. | समितिको पद | नाम थर | पद | कार्यालय/विभाग |
|---|---|---|---|---|
| १ | संयोजक | श्री किरणकुमार श्रेष्ठ | प्रमुख कार्यकारी अधिकृत | केन्द्रीय कार्यालय |
| २ | सदस्य | श्री कविराज अधिकारी | ना.प्रमुख कार्यकारी अधिकृत | केन्द्रीय कार्यालय |
| ३ | सदस्य | श्री देवेन्द्ररमण खनाल | ना.प्रमुख कार्यकारी अधिकृत | केन्द्रीय कार्यालय |
| ४ | सदस्य | श्री सरस्वती अधिकारी | उप कार्यकारी अधिकृत | केन्द्रीय कार्यालय |
| ५ | सदस्य | श्री देवेश प्रसाद लोहनी | उप कार्यकारी अधिकृत | केन्द्रीय कार्यालय |
| ६ | सदस्य | श्री विमल डंगोल | उप कार्यकारी अधिकृत | केन्द्रीय कार्यालय |
| ७ | सदस्य | श्री पवन रेग्मी | उप कार्यकारी अधिकृत | केन्द्रीय कार्यालय |
| ८ | सदस्य | श्री विनयरमण पौडेल | उप कार्यकारी अधिकृत | केन्द्रीय कार्यालय |
| ९ | सदस्य | श्री नारायण प्र. लामिछाने | विभागीय प्रमुख | सम्पति व्यवस्थापन |
| १० | सदस्य | श्री रामकुमार थापा | विभागीय प्रमुख | योजना अनुसन्धान |
| ११ | सदस्य | श्री रिको स्थापित | विभागीय प्रमुख | सुचना प्रविधि |
| १२ | सदस्य | श्री निम्वल श्रेष्ठ | विभागीय प्रमुख | जोखिम व्यवस्थापन |
| १३ | सदस्य | श्री संजय कुमार श्रेष्ठ | विभागीय प्रमुख | आन्तरीक लेखा परीक्षण |
| १४ | सदस्य | श्री कृष्ण साह | विभागीय प्रमुख | कम्प्लायन्स |
| १५ | सदस्य | श्री राज्य लक्ष्मी खड्गी | विभागीय प्रमुख | उपभोक्ता बैंकिङ्ग |
| १६ | सदस्य | श्री पद्मा लक्ष्मी जि.सी. | विभागीय प्रमुख | मार्केटीङ्ग |
| १७ | सदस्य | श्री गायत्री श्रेष्ठ | विभागीय प्रमुख | कर्जा असुली तथा अनुगमन |
| १८ | सदस्य | श्री भिम प्रसाद घिमिरे | विभागीय प्रमुख | मानव संशाधन |
| १९ | सदस्य | श्री सन्दीपजङ्ग कार्की | विभागीय प्रमुख | पुर्वाधार तथा सह वित्तीयकरण |
| २० | सदस्य | श्री आनन्द सुवेदी | विभागीय प्रमुख | भुक्तानि फरस्यौंट |
| २१ | सदस्य | श्री ऋषभ भट्टराई | विभागीय प्रमुख | कृषि तथा सामाजिक बैंकिङ्ग |
| २२ | सदस्य | श्री ऋषिराम ढकाल | विभागीय प्रमुख | डिजिटल बैंकिङ्ग |
| २३ | सदस्य | श्री भवानीशंकर निरौला | विभागीय प्रमुख | कानुन |
| २४ | सदस्य | श्री बिश्व प्रकाश ज्ञवाली | विभागीय प्रमुख | सिकाई तथा विकास |
| २५ | सदस्य | श्री बेनी श्रेष्ठ | विभागीय प्रमुख | ट्रेड फाईनान्स |
| २६ | सदस्य | श्री ब्रज मोहन अधिकारी | विभागीय प्रमुख | कर्जा प्रशासन |
| २७ | सदस्य | श्री ध्रुव अर्याल | विभागीय प्रमुख | सामान्य सेवा |
| २८ | सदस्य | श्री भोला नाथ पौडेल | कम्पनी सचिव | सञ्चालक समितिको कार्यालय |
| २९ | सदस्य | श्री सोनी श्रेष्ठ | प्रादेशिक प्रबन्धक | बाग्मती प्रादेशिक कार्यालय |
| ३० | सदस्य | श्री दुर्गा कुमारी कडेंल | शाखा प्रबन्धक | मुख्य शाखा कार्यालय |
| ३१ | सदस्य | श्री राजेन्द्र आचार्य | शाखा प्रबन्धक | कर्पोरेट शाखा |
| ३२ | सदस्य | श्री राम प्रसाद जोशी | अध्यक्ष | रा.बा.बैंक कर्मचारी सघ, नेपाल |
| ३३ | सदस्य | श्री ईश्वर बहादुर सिंह | अध्यक्ष | नेपाल वि. संस्था कर्मचारी संघ |
| ३४ | सदस्य | श्री दिपेन्द्र कार्की | अध्यक्ष | नेपाल राष्ट्रिय कर्मचारी संगठन |
| ३५ | सदस्य-सचिव | श्री सरोज बस्नेत | विभागीय प्रमुख | ब्रान्च अपरेशन |

## उपसमितिहरु:

### रक्तदान उपसमिति:

| क्र.स. | पद | नाम थर | कार्यक्रम |
|---|---|---|---|
| १ | संयोजक | उप कार्यकारी अधिकृत, श्री सरस्वती अधिकारी | माघ ५ गते, बुधबार |
| २ | सदस्य | उप कार्यकारी अधिकृत, श्री बिनय रमण पौडेल | |
| ३ | सदस्य | बरिष्ठ प्रबन्धक, श्री सञ्जय कुमार श्रेष्ठ | |
| ४ | सदस्य | बरिष्ठ प्रबन्धक, श्री राज्य लक्ष्मी खड्गी | |
| ५ | सदस्य | बरिष्ठ प्रबन्धक, श्री गायत्री श्रेष्ठ | |
| ६ | सदस्य | बरिष्ठ प्रबन्धक, श्री ब्रज मोहन अधिकारी | |
| ७ | सदस्य | उप प्रबन्धक, श्री जितेन्द्र सिंह थापा | |

### प्रभात फेरी कार्यक्रम र CLEAN RBBL उपसमिति

| क्र.स. | पद | नाम थर | कार्यक्रम |
|---|---|---|---|
| १ | संयोजक | उप कार्यकारी अधिकृत, श्री सरस्वती अधिकारी | १) बार्षिकोत्सबको अवसरमा वित्तीय साक्षरता सम्बन्धी सूचनामूलक प्ले कार्ड तथा ब्यानरका साथ नगर परिक्रमा गर्ने व्यवस्था मिलाउने ।<br>२) सम्भब भएसम्म बैंकका सबै कार्यालयहरुमा प्रभातफेरी कार्यक्रम गर्ने ।<br>३) बैंकका सबै कार्यालयहरुको आवश्यकता अनुसार रङ रोगन गर्ने ।<br>४)साइन बोर्डहरुको सरसफाई तथा आवश्यकता अनुसार नयाँ राख्ने गर्ने व्यवस्था मिलाउने।<br>५) बार्षिकोत्सबको अवसरमा कार्यालयहरुमा सन्देशमूलक फ्लेक्सहरु राख्ने व्यवस्था मिलाउने ।<br>६) पूराना कागजहरु धुल्याउने तथा पूराना फर्निचर एबम् उपकरणहरुको लिलाम बिक्रीको व्यवस्था मिलाउने<br>७) नागरिक बडापत्र अद्यावधिक गर्ने |
| २ | सदस्य | उप कार्यकारी अधिकृत, श्री देवेश प्रसाद लोहनी | |
| ३ | सदस्य | मुख्य प्रबन्धक, श्री पवन रेग्मी | |
| ४ | सदस्य | मुख्य प्रबन्धक, श्री विनयरमण पौडेल | |
| ५ | सदस्य | मुख्य प्रबन्धक, श्री रिको स्थापित | |
| ६ | सदस्य | मुख्य प्रबन्धक, श्री नारायणप्रसाद लामिछाने | |
| ७ | सदस्य | मुख्य प्रबन्धक, श्री राम कुमार थापा | |
| ८ | सदस्य | बरिष्ठ प्रबन्धक, श्री सोनी श्रेष्ठ | |
| ९ | सदस्य | बरिष्ठ प्रबन्धक, श्री ऋषिराम ढकाल | |
| १० | सदस्य | बरिष्ठ प्रबन्धक, श्री भवानी शंकर निरौला | |
| ११ | सदस्य | बरिष्ठ प्रबन्धक, श्री राजेन्द्र आचार्य | |
| १२ | सदस्य | अध्यक्ष,रा.बा.बैंक कर्मचारी संघ श्री राम प्रसाद जोशी | |
| १३ | सदस्य | अध्यक्ष,ने.वि.स.क.संघ रा.बा.बैंक लि.श्री श्री ईश्वर बहादुर सिंह | |
| १४ | सदस्य | अध्यक्ष, ने.रा.क.स,रा.बा.बैंक लि.श्री दिपेन्द्र कार्की | |

### प्रकाशन तथा प्रचार प्रसार उपसमिति:

| क्र.स. | पद | नाम थर | कार्यक्रम |
|---|---|---|---|
| १ | संयोजक | नायव प्रमुख कार्यकारी अधिकृत, श्री देवेन्द्र रमण खनाल | १) स्तरिय आर्थिक लेख सहित बैंकको मुखपत्र **उपहार २०७८** पत्रिका प्रकाशनको व्यवस्था मिलाउने ।<br>२) प्रचार समाग्री तयार गरी पत्र पत्रिकामा बैंकको सन्देश प्रकाशन गर्ने ।<br>३) बैंक सम्बन्धी जानकारीमूलक सूचना सहित माननीय अर्थमन्त्री, राजश्व सचिब, नेपाल राष्ट्र बैंकका गभर्नरबाट शुभकामना सन्देश र बैंकका अध्यक्ष तथा प्रमुख कार्यकारी अधिकृतबाट प्रतिबद्धता सन्देश माघ १० गतेको गोरखापत्रमा प्रकाशन गर्ने ।<br>४) बार्षिकोत्सबको अबसरमा बैकिङ्ग क्षेत्रका प्रतिष्ठित व्यक्तित्वहरुबिच अन्तरसम्बाद कार्यक्रम आयोजना गरी टेलिभिजन मार्फत प्रशारण गर्ने । |
| २ | सदस्य | मुख्य प्रबन्धक, श्री दुर्गा कुमारी कंडेल | |
| ३ | सदस्य | मुख्य प्रबन्धक, श्री राम कुमार थापा | |
| ४ | सदस्य | बरिष्ठ प्रबन्धक, श्री भोलानाथ पौडेल | |
| ५ | सदस्य | बरिष्ठ प्रबन्धक, श्री भवानी शंकर निरौला | |
| ६ | सदस्य | बरिष्ठ प्रबन्धक, श्री बिश्व प्रकाश ज्ञवाली | |
| ७ | सदस्य | प्रबन्धक, श्री दिपेन्द्र कार्की | |
| ८ | सदस्य | बरिष्ठ सहायक, श्री ईश्वर उप्रेती | |

### खेलकुद समिति:

| क्र.स. | पद | नाम थर | कार्यक्रम |
|---|---|---|---|
| १ | संयोजक | उप कार्यकारी अधिकृत, श्री बिमल डंगोल | १) बिबिध खेलकूद कार्यक्रमहरु आयोजना गर्ने, इच्छुक खेलाडी कर्मचारीहरुलाई सहभागी गराउने तथा बिजेतालाई पुरस्कार एवम् प्रमाणपत्रको व्यवस्था गर्ने । |
| २ | सदस्य | उप कार्यकारी अधिकृत, श्री विनयरमण पौडेल | |
| ३ | सदस्य | बरिष्ठ प्रबन्धक, श्री आनन्द सुवेदी | |
| ४ | सदस्य | बरिष्ठ प्रबन्धक, श्री बेनी श्रेष्ठ | |
| ५ | सदस्य | बरिष्ठ प्रबन्धक, श्री ऋषभ भट्टराई | |
| ६ | सदस्य | श्री बद्री प्रसाद तिमिल्सिना | |
| ७ | सदस्य | श्री रविन्द्र चौलागाई | |
| ८ | सदस्य | श्री लसता श्रेष्ठ | |
| ९ | सदस्य | श्री साजन सुवाल | |
| १० | सदस्य | श्री जितेन्द्र राई | |
| ११ | सदस्य | श्री साम्राज्य शाक्य | |

### मञ्च व्यवस्थापन उपसमिति:

| क्र.स. | पद | नाम थर | |
|---|---|---|---|
| १ | संयोजक | उप कार्यकारी अधिकृत श्री देवेश प्रसाद लोहनी | १)बार्षिकोत्सबको दिन संचालन गरिने मुख्य कार्याक्रमका लागि भौतिक तथा भर्चुअल कार्यक्रमको समग्र पक्षको व्यवस्थापन गर्ने । |
| २ | सदस्य | मुख्य प्रबन्धक श्री नारायण प्रसाद लामिछाने | |
| ३ | सदस्य | मुख्य प्रबन्धक श्री रिको स्थापित | |
| ४ | सदस्य | मुख्य प्रबन्धक श्री निम्वल श्रेष्ठ | |
| ५ | सदस्य | बरिष्ठ प्रबन्धक श्री पद्मा लक्ष्मी जि.सी. | |
| ६ | सदस्य | बरिष्ठ प्रबन्धक श्री कृष्ण साह | |
| ७ | सदस्य | बरिष्ठ प्रबन्धक श्री सन्दिप जंग कार्की | |
| ८ | सदस्य | बरिष्ठ प्रबन्धक श्री ध्रुव प्रसाद अर्याल | |
| ९ | सदस्य | प्रबन्धक श्री राम प्रसाद जोशी | |
| १० | सदस्य | प्रबन्धक श्री भवेश चन्द्र प्रधानाङ्ग | |

### अतिथि सत्कार उपसमिति:

| क्र.स. | पद | नाम थर | कार्यक्रम |
|---|---|---|---|
| १ | संयोजक | नायब प्रमुख कार्यकारी अधिकृत, श्री कविराज अधिकारी | १) बार्षिकोत्सब कार्यक्रममा उपस्थित हूनुहुने महानुभाबहरुको स्वागत र सम्मानको व्यवस्था मिलाउने ।<br>२) कार्यक्रकममा आमन्त्रित अतिथी तथा सहभागी कर्मचारीहरुलाई खाना र खाजाको व्यवस्था गर्ने । |
| २ | सदस्य | नायब प्रमुख कार्यकारी अधिकृत, श्री देवेन्द्र रमण खनाल | |
| ३ | सदस्य | उप कार्यकारी अधिकृत, श्री सरस्वति अधिकारी | |
| ४ | सदस्य | उप कार्यकारी अधिकृत, श्री देवेश प्रसाद लोहनी | |
| ५ | सदस्य | उप कार्यकारी अधिकृत, श्री पवन रेग्मी | |
| ६ | सदस्य | उप कार्यकारी अधिकृत, श्री विनय रमण पौडेल | |
| ७ | सदस्य | बरिष्ठ प्रबन्धक, श्री भिम प्रसाद घिमिरे | |
| ८ | सदस्य सचिव | बरिष्ठ प्रबन्धक, श्री सरोज बस्नेत | |
| ९ | सदस्य | अध्यक्ष, रा.बा.बैक कर्मचारी संघ श्री राम प्रसाद जोशी | |
| १० | सदस्य | अध्यक्ष, ने.वि.स.क.संघ रा.बा.बैक लि.श्री श्री ईश्वर बहादुर सिंह | |
| ११ | सदस्य | अध्यक्ष, ने.रा.क.सं,रा.बा.बैक लि.श्री दिपेन्द्र कार्की | |

### व्यवसाय प्रवर्द्धन उपसमिति:

| क्र.स. | पद | नाम थर | कार्यक्रम |
|---|---|---|---|
| १ | संयोजक | नायब प्रमुख कार्यकारी अधिकृत, श्री कविराज अधिकारी | १) बैकको ५७ औं बार्षिकोत्सबको अबसरमा निक्षेप, कर्जा, डिजिटल बैकिङ्ग, रेमिट्यान्स लगायत बैंकका सेवा सुबिधाहरुको प्रबर्द्धनका लागि प्रदेश कार्यलयहरुलाइ समेत बिभिन्न कार्यक्रमहरु संचालन गर्न समन्बय गर्ने ।<br>२) निक्षेप,कर्जा, डिजिटल बैंकिङ्ग, रेमिट्यान्स जस्ता क्षेत्रमा नवीनतम बिशेषता सहितका नयाँ प्रतिस्पर्धी सेवा एचयमगअत ) को विकास गरी पेश गर्ने ।<br>३) बित्तीय साक्षरता सम्बन्धी कार्यक्रमहरु मार्फत बैंकका सेवा सुबिधाहरुको बिस्तार गर्ने ।<br>४) प्रदेश स्तर र शाखा स्तरमा समेत ग्राहक भेटघाट तथा अन्तरक्रिया कार्यक्रम संचालन गर्न समन्बय गर्ने ।<br>५) निक्षेप, कर्जा, रेमिट्यान्स लगायतका बैंकका सेवा सम्बन्धी नयाँ नयाँ रेडियो, जिङ्गल बनाइ एफ.एम रेडियोहरुमा प्रसारण गर्ने ब्यवस्था मिलाउने ।<br>६) नेपाली र अङ्ग्रेजी दुबै माध्यममा ५ देखी ७ मिनेट सम्मको बैंकको Corporate documentary तयार गर्ने । |
| २ | सदस्य | नायब प्रमुख कार्यकारी अधिकृत, श्री देवेन्द्र रमण खनाल | |
| ३ | सदस्य | उप कार्यकारी अधिकृत, श्री सरस्वति अधिकारी | |
| ४ | सदस्य | उप कार्यकारी अधिकृत, श्री देवेश प्रसाद लोहनी | |
| ५ | सदस्य | उप कार्यकारी अधिकृत, श्री पवन रेग्मी | |
| ६ | सदस्य | उप कार्यकारी अधिकृत, श्री विनय रमण पौडेल | |
| ७ | सदस्य | बरिष्ठ प्रबन्धक श्री राज्य लक्ष्मी खड्गी | |
| ८ | सदस्य | बरिष्ठ प्रबन्धक श्री सरोज बस्नेत | |
| ९ | सदस्य | बरिष्ठ प्रबन्धक श्री ऋषिराम ढकाल | |
| १० | सदस्य | बरिष्ठ प्रबन्धक श्री ऋषभ भट्टराई | |

### कार्यक्रम समन्वय समिति:

| क्र.स. | पद | नाम थर | कार्यक्रम |
|---|---|---|---|
| १ | संयोजक | नायब प्रमुख कार्यकारी अधिकृत, श्री कविराज अधिकारी | ५७ औं बार्षिकोत्सब कार्यक्रमको लागि आवश्यक कार्यहरुको अनुगमन एवम् विभिन्न उपसमितिहरु बीच समन्वयन तथा सहजिकरण गर्ने । |
| २ | सदस्य | नायब प्रमुख कार्यकारी अधिकृत, श्री देवेन्द्र रमण खनाल | |
| ३ | सदस्य | उप कार्यकारी अधिकृत, श्री सरस्वति अधिकारी | |
| ४ | सदस्य | उप कार्यकारी अधिकृत, श्री देवेश प्रसाद लोहनी | |
| ५ | सदस्य | अध्यक्ष,रा.बा.बैक कर्मचारी संघ श्री राम प्रसाद जोशी | |
| ६ | सदस्य | अध्यक्ष, ने.वि.स.क.संघ रा.बा.बैक लि.श्री श्री ईश्वर बहादुर सिंह | |
| ७ | सदस्य | अध्यक्ष, ने.रा.क.सं,रा.बा.बैक लि.श्री दिपेन्द्र कार्की | |
| ८ | सदस्य-सचिव | बरिष्ठ प्रबन्धक, श्री सरोज बस्नेत | |

# खोटाङ्गको रावावेशीमा बैंकको शाखाको समुद्घाटन



**काठमाडौं, ६ पुस**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडले खोटाङ्ग जिल्लाको रावावेशी गाउँपालिका वडा न.१ हरमटार स्थित २५७औं शाखा कार्यालय रावावेशी विस्तार गरी कारोबार शुभारम्भ गरेको छ । लोकसेवा आयोगका अध्यक्ष माननीय माधवप्रसाद रेग्मीले विधिवत रुपमा उक्त शाखाको समुद्घाटन गर्नुभएको छ ।

उक्तअवसरमा माननीय माधवप्रसाद रेग्मीले नेपाल सरकारको स्थानीय तहमा बैंकिङ्ग पहुँच पुऱ्याउने उद्देश्य अनुरुप सरकारी बैंक राष्ट्रिय वाणिज्य बैंकले शाखा विस्तार गरेकोमा खुशी लागेको बताउदै पालिकाको समग्र विकासमा बैंकको महत्वपूर्ण भूमिका हुने बताउनुभयो । बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले बैंकले आम नागरिकमा वित्तीय पहुँच विस्तार गरिरहेको बताउनुभयो ।

बैंकको प्रदेश न. १ का प्रादेशिक प्रबन्धक दीपकराज न्यौपानेको सभापतित्वमा सम्पन्न भएको कार्यक्रममा खोटाङ्ग जिल्लाका प्रमुख जिल्ला अधिकारी फडिन्द्र दाहाल, रावावेशी गाँउपालिकाका अध्यक्ष लिलानाथ निरौला, दुधकोशी जलाशय युक्त जलविद्युतका प्रमुख बसन्त श्रेष्ठ, रावावेशी गाउँपालिकाका विभिन्न वडाका वडा अध्यक्षहरु, राजनीतिक दलका स्थानीय प्रतिनिधिहरु, समाजसेवीहरु, उद्योगी व्यवसायीहरु, नेपाली सेना, नेपाल प्रहरी, अन्य स्थानीय संघसस्थाका प्रतिनिधिहरु, बैंकका विभागीय प्रमुख सरोज बस्नेत, शाखा प्रबन्धक राजकुमार घिमिरे, कर्मचारीहरु लगायत सर्वसाधारणहरुको उपस्थिति रहेको थियो ।

**यूनियन गतिविधि**

## नेपाल वित्तीय संस्था कर्मचारी संघको ९औं केन्द्रीय परिषद् तथा १०औं महाधिवेशन सम्पन्न




**काठमाडौं, ८ पुस**

नेपाल वित्तीय संस्था कर्मचारी संघ राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको ९ औं केन्द्रीय परिषद् तथा १० औं केन्द्रीय महाधिवेशन नेपाली कांग्रेसका उपसभापति धनराज गुरुङ्गको प्रमुख आतिथ्यमा पुस ७ र ८ गते पोखरामा सम्पन्न भएको छ । महाधिवेशनले ईश्वरबहादुर सिंह अध्यक्ष तथा सुदिन केसी महासचिव रहने गरी ४१ सदस्यीय केन्द्रीय समिति चयन गरेको छ । कार्यक्रममा प्रमुख अतिथि गुरुङले सार्वजनिक संस्थानहरुले जनतालाई असल नियतका साथ गुणस्तरीय र प्रभावकारी सेवा प्राथमिकताका साथ प्रवाह गर्नुपर्ने विषयमा जोड दिनुभएको थियो । बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले बैंक भित्र व्यवस्थापन र युनियनहरु बीच सुमधुर सम्बन्ध कायम हुंदा बैंकको समग्र सुचकहरु सकारात्मक भइ प्रगति गर्न सकेको बताउनुभयो ।

संघका निवर्तमान अध्यक्ष गगनसिंह घिमिरेको अध्यक्षतामा सम्पन्न सो कार्यक्रममा नेपाली कांग्रेसका केन्द्रीय सदस्य गुरु बराल, गण्डकी प्रदेश सभापति शुक्रराज शर्मा, नेपाल ट्रेड युनियन कांग्रेसका अध्यक्ष पुष्कर आचार्य, फियन राष्ट्रिय समितिका उपमहासचिव विकास श्रेष्ठ, बैंकका उपकार्यकारी अधिकृत देवेन्द्ररमण खनाल, राष्ट्रिय वाणिज्य बैंक कर्मचारी संघका का.वा. अध्यक्ष रामप्रसाद जोशी, नेपाल राष्ट्रिय कर्मचारी संगठन, रा.वा.बैंकका महासचिव उभार पाण्डे लगायतले शुभकामना मन्तब्य व्यक्त गर्नुभएको थियो ।

पोखराको लेकसाइड स्थित हलनचोकदेखी सिर्जना चोकसम्म प्रभातफेरी कार्यक्रम सम्पन्न गरी कार्यक्रमको उद्घाटन गरिएको थियो । कार्यक्रममा बैंकका देशैभरका शाखा, प्रदेश तथा केन्द्रीय कार्यालयबाट केन्द्रीय पार्षद, महाधिवेशन प्रतिनिधि तथा पर्यवेक्षक गरी करिब ५५० जना कर्मचारीहरुको सहभागिता रहेको जनाइएको छ ।

## नेपाल राष्ट्रिय कर्मचारी संगठनको १६औं वार्षिकोत्सव सम्पन्न




**काठमाडौं, २१ पुस**

नेपाल राष्ट्रिय कर्मचारी संगठन राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको १६ औं वार्षिकोत्सवक कार्यक्रम त्रिभुवनपार्क, थानकोटमा शुभकामना आदनप्रदान सहित सम्पन्न भएको छ । संगठनका अध्यक्ष दिपेन्द्र कार्कीको सभापतित्वमा भएको समारोहमा बैंकका नायब प्रमुख कार्यकारी अधिकृत देवेन्द्ररमण खनालको प्रमुख आतिथ्यता तथा अतिथि विभागीय प्रमुख ब्रजमोहन अधिकारी, केन्द्रीय समिति सल्लाहकार संयोजक महेन्द्रमान गुरुङ्ग रहनु भएको थियो । कार्यक्रममा प्रमुख अतिथि खनालले वार्षिकोत्सवको अवसरमा शुभकामना दिनु हुँदै बैंक र युनियनहरु बीच हुने असल औद्योगिक सम्बन्धबाट सबैको हित हुने बताउनुभयो ।

कार्यक्रममा संगठनका केन्द्रीय समितिका सल्लाहकार सदस्य लगायत केन्द्रीय समितिका पदाधिकारीहरु, शाखा प्रबन्धकहरु, सबै प्रदेश कमिटी, जिल्ला कमिटी तथा इकाई कमिटीका पदाधिकारीहरुको उपस्थिति रहेको थियो । संगठनका उपाध्यक्ष जितेन्द्र राईले स्वागत मन्तब्य व्यक्त गर्नुभएको सो कार्यक्रम महासचिव उभार पाण्डेले संचालन गर्नुभएको थियो ।

# दीर्घसेवा पदक तथा प्रमाणपत्र वितरण

**काठमाडौं, ९ पुस**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडमा २० वर्षभन्दा बढी सेवाअवधि पूरा गरेका २०७७ साल माघ १० गते घोषणा भएका कर्मचारीहरुलाई दीर्घसेवा पदक तथा प्रमाणपत्र प्रदान गरिएको छ । मानव संशाधन विभागको आयोजनामा भएको सो कार्यक्रमा केन्द्रीय कार्यालय र बाग्मती प्रदेशभित्र कार्यरत २४ जना कर्मचारीहरुलाई एक कार्यक्रमकाबीच बैंक सञ्चालक समितिका अध्यक्ष डा बलराम पाठकले दीर्घसेवा पदक तथा प्रमाणपत्र प्रदान गर्नुभएको छ । सो अवसरमा अध्यक्ष डा पाठकले कर्मचारीहरुले बैंक मार्फत समाज र राष्ट्रको सेवा गरेको बताउनुभयो । बैंकका प्रमुख कार्यकारी अधिकृत किरण कुमार श्रेष्ठले अहिलेको चुनौती भनेको निक्षेप बढाउनु हो भन्दै बैंकमा लामो अनुभव भएका कर्मचारीहरुमा सो चुनौतीको सामना गर्न सक्ने क्षमता भएको बताउनुभयो । कार्यक्रममा नायब प्रमुख कार्यकारी अधिकृत कविराज अधिकारी, राष्ट्रिय वाणिज्य बैंक कर्मचारी संघ नेपालका का.वा.अध्यक्ष रामप्रसाद जोशी, नेपाल वित्तीय संस्था कर्मचारी संघ, रा.वा.बैंकका अध्यक्ष गगनसिंह घिमिरे, नेपाल राष्ट्रिय कर्मचारी संगठन, रा.वा.बैंकका अध्यक्ष दिपेन्द्र कार्कीले बैंकसेवा मार्फत आफ्नो जीवनको महत्वपूर्ण उर्जाशिल समय दिइ नागरिकको सेवा गर्नुभएकोमा कर्मचारीहरुमा धन्यवाद व्यक्त गर्नुभएको थिया । कार्यक्रममा बैंक सञ्चालक समितिका सदस्य डा. माधवप्रसाद दाहाल, उपकार्यकारी अधिकृतद्वय देवेशपसाद लोहनी, देवेन्द्ररमण खनाल, विभागीय प्रमुखहरु, कम्पनी सचिव लगायत कर्मचारीहरुको उपस्थिति रहेको थियो । तालिम तथा विकास विभागका विभागीय प्रमुख विश्वप्रकाश ज्ञवालीले संचालन गर्नुभएको कार्यक्रममा दीर्घसेवा पदक प्राप्त गर्ने कर्मचारीहरुको तर्फबट प्रबन्धक बालकुमार थापाले मन्तव्य व्यक्त गर्नुभएको थियो । बैंकमा २० वर्षभन्दा बढी सेवाअवधि पूरा गरेका अन्य कर्मचारीहरुलाई प्रदेशगत रुपमा दीर्घसेवा पदक एवं प्रमाणपत्र प्रदान गरिएको छ ।




## ब्रान्च प्रोफाइल

### शाखा कार्यालय मेहलकुना (४४८)

**(आ.व. २०७६।०७७ को 'ङ' वर्गमध्ये प्रथम भएको शाखा)**




| | |
|---|---|
| निक्षेप | : रु. १६,५३,३४,८९३।७० |
| कर्जा | : रु. ३५,५६,०५,९०९।३० |
| नाफा | : रु. २,४६,२८,०००।- |
| ग्राहक संख्या | : ७६९८ जना |
| कर्मचारी संख्या | : ४ जना |
| शाखाप्रबन्धक | : हिक्मतबहादुर कार्की |
| शाखा कार्यालयको स्थापना | : २०७५ साल |

**सफलताको रहस्य :**

कुशल एवं प्रभावकारी नेतृत्व, सामुहिक सहकार्य, एकता, उच्च मनोवल, ग्राहकमैत्री व्यवहार, श्रोत र साधनको अधिकतम उपयोग, केन्द्रिय तथा प्रदेश कार्यालयको सहयोग समन्वय, कर्जाको विस्तार तथा नियमित अनुगमन, शाखामा कार्यरत कर्मचारीहरुको लगनशिलता, निर्णय प्रकृयामा सहकर्मीहरुको सहभागिता तथा समभ्रदारीमा कार्यसम्पन्न आदी ।



राष्ट्रिय वाणिज्य बेंकको ५७औं वार्षिकोत्सवको अवसरमा बैंक व्यवस्थापन र ट्रेडयुनियनहरुबीच भएको मैत्रीपूर्ण फुटसल प्रतियोगितामा लिइएको सामुहिक तस्विर ।

## समवेदना

यस बैंकका शा.का. भोजपुरमा कार्यरत सहायक सृजना गुंरागाई (१३२१६) की सासुआमा देवीकुमारी दाहाल, शा.का. भैरहवामा कार्यरत सहायक तेजेन्द्र जी.सी. (१२६५९) का पिता सूर्यबहादुर जि.सी., शा.का. बरगाछीमा कार्यरत सहायक रमेश ओभ्का (८९९९) का पिता पुरुषोत्तम ओभ्का, के.का. बित्त विभागमा कार्यरत उपप्रबन्धक विष्णुप्रसाद अर्याल (११०९८) की आमा गेरुमाया अर्याल, शा.का. होलेरीमा कार्यरत शाखा प्रबन्धक मुनबहादुर बुढा (११४३८) की आमा सुज्जा बुढा, कर्पोरेट शा.का.मा कार्यरत बरिष्ठ सहायक दिपेश गुरुङ्ग (११८२८) का पिता विर्खबहादुर गुरुङ्ग र आमा सन्ध्या गुरुङ्ग, शा.का. बरगाछीमा कार्यरत सुरक्षागार्ड शम्भुप्रसाद दाहाल(११२७९) की आमा पदमकुमारी दाहाल, शा.का. कंलकीमा कार्यरत बरिष्ठ सहायक विष्णुराम खत्री(११५२७) की आमा कान्छी खत्री, शा.का. लहानमा कार्यरत बरिष्ठ सहायक लक्ष्मीप्रसाद न्यौपाने(११६४७) की आमा चन्द्रकला न्यौपाने, शा.का. बुटवलमा कार्यरत बरिष्ठ सहायक नगद वेबीनकुमार अमात्य (१०८२२) की आमा लक्ष्मीकुमारी अमात्य, शा.का. चैनपुरमा कार्यरत सहायक सिमा दाहाल (१३२२१) का पिता भोलाबहादुर दाहालको केही पहिले निधन भएकोमा दिवंगत आत्माहरुको चिर शान्तिको कामना सहित समवेदना प्रकट गर्दछौं ।

राष्ट्रिय वाणिज्य बैंक लि. RASTRIYA BANIJYA BANK LTD. ...तपाईंको आफ्नै बैंक

**राष्ट्रिय वाणिज्य बैंक लि.
परिवार**

Chief Advisor: Kiran Kumar Shrestha, CEO. Advisor: Debesh Prasad Lohani, DEO & Information Officer.
Assistant Editor: Ishwar Upreti
Published by: Rastriya Banijya Bank Ltd., Central Office, Chief Executive Officer's Office
Singhadurbar Plaza, Kathmandu, Ph: 4252595, Ext. 2423, E-mail: rbbnl@rbb.com.np
Printed at: P.S. Printing Press, Bhaktapur